२०७८/०१/१०

## निर्णयहरु:

१. नगर कार्यपालिकाको मिति २०७७ चैत्र २५ गतेको बैठक तथा अघिल्ला मितिका बैठकबाट भएका निर्णयहरु कार्यान्वयन प्रगति सम्वन्धमा छलफल भयो।

२. नगर सभा तथा नगर कार्यपालिकाका विभिन्न विषयगत समितिको बैठकका निर्णयहरु बैठकमा पेश गरी छलफल गरियो। स्थानीय राजश्व परामर्श समितिबाट पेश भएको आगामी आर्थिक वर्ष २०७७८।७९ को आन्तरिक आय अनुमान सम्वन्धी विवरण तथा श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकबाट सिफारिश भएको आगामी आर्थिक वर्ष २०७८।७९ को आन्तरिक आय, संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँड, समपूरक अनुदान, विशेष अनुदान तथा सशर्त अनुदान एवं प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँड, समपूरक अनुदान, विशेष अनुदान तथा सशर्त अनुदानको प्रक्षेपण, बजेटको कूल सिमा निर्धारण तथा विषय क्षेत्रगत बजेटको सिमा निर्धारण सम्वन्धमा जानकारी एवं छलफल भयो।

३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम मेलम्ची नगरपालिकाबाट आर्थिक वर्ष २०७६।७७ मा सम्पादित कार्यहरुको सूचकगत स्वमूल्याङ्कन गर्दा देहाय बमोजिम अंक प्राप्त भएको देखिएको हुँदा सो अंक अनुमोदन गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

| क.सं. | विषय क्षेत्र | समग्र स्थिति | प्रकृयागत स्थिति | परिमाणात्मक स्थिति | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शासकीय प्रवन्ध | ३ | २.५ | १.५ | ७ | |
| २ | संगठन र प्रशासन | १.२५ | २ | २ | ५.२५ | |
| ३ | वार्षिक बजेत तथा योजना व्यवस्थापन | १.५ | ३ | ४ | ८.५ | |
| ४ | वित्तीय तथा आर्थिक व्यवस्थापन | १.२५ | १.५ | ४ | ६.७५ | |
| ५ | सेवा प्रवाह | २ | १.५ | ३ | ६.५ | |
| ६ | न्यायिक कार्य सम्पादन | १ | ३ | ३ | ७ | |
| ७ | भौतिक पूर्वाधार | २.२५ | २ | २.५ | ६.७५ | |
| ८ | सामाजिक समावेशीकरण | १.२५ | १.५ | ० | २.७५ | |
| ९ | वातावरण तथा विपद व्यवस्थापन | १ | ०.५ | ३.५ | ५ | |
| १० | समनवय र सहकार्य | १.७५ | १ | १ | ३.७५ | |
| | | | | जम्मा | ५९.२५ | |

४. राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको सशर्त अनुदान अन्तर्गत व्यक्तिगत घटना- (जन्म, मृत्यु, विवाह, बसाइसराई र सम्वन्ध विच्छेद) दर्ता शिविर सम्वन्धित वडाबाट सिफारिश भएका स्थानहरुमा देहायको मितिमा सञ्चालन सञ्चालन गर्ने ।

५. रक्तमाला रोडा ढुंगा उद्योग प्रा.लि. र मेलम्ची बालुवा प्रशोधन प्रा.लि. को स्थलगत अनुगमनको लागि उपप्रमुख श्री भगवती नेपालको संयोजकत्वमा गठित समितिको प्रतिवेदन सिफारिश बमोजिम उक्त उद्योगहरु बन्द भएको औपचारिक जानकारी प्राप्त नभएसम्म नगर सभाबाट स्वीकृत दर बमोजिमको व्यवसाय कर तिर्नु बुझाउनु पर्ने देखिएकोले उक्त उद्योगहरुलाई कर तिर्न जानकारी गराउने।

६. साविक ज्यामिरे गाविस वडा नं. २ स्थित श्री जुठ बहादुर माझी को नाममा रहेको कित्ता नं. ५३२ को ७-६-२-० जग्गामध्ये प्राविधिक प्रतिवेदनको आधारमा खोप केन्द्र निर्माणको लागि दक्षिणपुर्व तर्फको बीचको भागमा रहेको ०-४-०-० क्षेत्रफल जग्गा मेलम्ची – १० स्थित शिखरपुर स्वास्थ चौकिको नाममा निशुल्क प्राप्ति गर्न स्वीकृतिको लागि जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकमा सिफारिश गर्ने।

७. चालु आर्थिक वर्ष कार्यान्वयनको लागि नगर सभा तथा कार्यपालिकाबाट स्वीकृत विभिन्न योजनाहरु मध्ये उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनाको सम्झौता गर्ने म्याद २०७८ वैशाख मसान्त र सम्पन्न गर्ने म्याद २०७८ जेष्ठ मसान्त कायम गर्ने सम्वन्धी।

८. नगरपालिका अन्तर्गतका स्वास्थ्य इकाइको भवन निर्माणको लागि प्राप्त बजेट रु. ३० लाख देहाय बमोजिम बाँडफाँड गरी कार्यान्वयन गराउने ।

| सि.नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | निवुगाउँ स्वास्थ्य इकाई तला थप, वडा नं. २ | १० लाख | |
| २ | केउरानी स्वास्थ्य इकाई तला थप तथा फर्निचर खरिद, वडा नं. ८ | २० लाख | |

९. मेलम्ची – १० का निवेदक पूर्ण बहादुर तामाङ्ग विपक्षी सेही वडाका राम बहादुर तामाङ्ग भएको मुद्दा र मेलम्ची – १ का निवेदक चित्र प्रसाद धिमाल विपक्षी सोही वडाका रोहिणी प्रसाद धिमाल भएको मुद्दाका सम्बन्धमा न्यायिक समितिबाट भएको निर्णय कार्यान्वयनका लागि सम्बन्धित वडालाइ कार्यान्वयनका लागि पत्राचार गर्ने ।

१०. बाल संजाल एवम् बालक्लब गठन तथा संचालन सहजीकरण निर्देशिका २०७८ स्वीकृति गर्ने ।

११. वडा समितिबाट बजेट संशोधन तथा रकमान्तरको लागि प्राप्त विषयहरुमा देहाय बमोजिम गर्ने।

| क्र.सं. | वडा नं. | मुल शिर्षक | छुटयाइएको रकम | रकमान्तर/परिवर्तन हुने बजेट शिर्षक | रकम |
|---|---|---|---|---|---|
| १ | ८ | कोरोना संक्रमण तथा विपद् व्यवस्थापन | ३०००००।०० | काप्रे टोल ठुलो धारा खानेपानी मर्मत | २०००००।०० |
| | | | | लाकुरी डाँडा सामुदायीक भवनको छाना मर्मत | ७००००।०० |
| २ | ५ | भदौरे खहरे खोला सिचाईं (अर्चले खोला) | २०००००।०० | भदौरे कुलो मर्मत | २०००००।०० |

१२. नगरपालिकाका विभिन्न संस्थाहरुबाट कार्यक्रम प्रस्ताव गरी बजेट माग भएका विषयहरुका सम्बन्धमा देहाय बमोजिम गर्ने।

| क्रस. | माग गर्ने व्यक्ति/संस्था | विषय | बजेट माग रकम | स्वीकृत रकम | कैफि |
|---|---|---|---|---|---|
| १. | हेलम्बु ट्रेल रनिङ क्लब, हेलम्बु-४, सिन्धुपाल्चोक | दौड प्रतियोगिता आयोजनाको लागि आर्थिक सहयोग सम्बन्धमा | ३००००।०० | | |
| २. | सिन्धु एफ.एम. १०२.८ मेगाहर्ज, मे.न.पा-५, सिन्धुपाल्चोक | स्थानीय सरकार सञ्चार व्यवस्थापन सम्बन्धी ५ दिने तालिम सञ्चालन गर्न प्रस्ताव पेश सम्बन्धमा | ३०००००।०० | | |
| ३. | कटुञ्जे युवा क्लब, मे.न.पा-११ | फुटबल खेलमा सहभागीलाई रकम माग सम्बन्धमा | २५०००।०० | | |